स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्र्दशन २०७४ को

अनुसूची ५

(दिग्दर्शनको दफा ५.५.३ संग सम्बन्धित)

# आर्थिक बर्ष २०७६/०७७ को

# निति, कार्यक्रम तथा बजेट

आदर्श गाउँपालिका

डोटी जिल्ला

शूदुर पश्चिम प्रदेश

२०७६

यस आदर्श गाउँपालिकाको आ.व.२०७६/०७७ को पाँचौ गाउँ सभा उदघाटन समारोहका प्रमुख अतिथि शुदूर पश्चिम प्रदेश सभाका माननिय पूर्णा जोशीज्यू, मञ्चमा आसिन बिशिष्ट अतिथिज्यूहरु

आदर्शगाउँपालिकाका उपाध्यक्षज्यु,सम्पूर्णवडाका वडाअध्यक्षहरुज्यूहरु,गाउँकार्यपालिकाका सदस्यज्यूहरु,गाउँसभाका सदस्यज्यूहरु,प्रमुख प्रशासकीय अधिकृतज्यू,विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरु,सञ्चारकर्मी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, इलाका प्रहरी कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यू,विधालयका व्यवस्थापन समितिका अध्यक्षज्यू, प्र.अ.ज्यू तथा शिक्षकज्यूहरु,नागरिक समाजका प्रतिनिधिज्यूहरु,महिला लगायत उपस्थित सम्पूर्ण महानुभावज्युहरु ।

हाम्रो देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात २०७२ मा नयां संविधान निर्माण भई सविधानमा संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको मुल संरचना संघ,प्रदेश र स्थानीय तह गरी तीन तहको हुने ब्यबस्था गरिएको छ र सोही अनुरुप दूई दशक पछि स्थानिय तहको निर्वाचन सम्पन्न भई निर्वाचत भएको करिब दुई वर्ष पछि गाउँपालिकाको उपाध्यक्षको हैसियतले तपाईहरु समक्ष पाँचौ गाउँ सभालाई सम्बोधन गर्न पाउदा अति खुसी लागेको छ र उपस्थित सम्पूर्ण महानुभावलाई आफ्नो अमूल्य समय प्रदान गरी गाउँ सभाको गरीमा बढाई दिनु भएकोमा हार्दिक धन्यबाद व्यक्त गर्न चाहान्छु ।

सर्वप्रथम राष्ट्रको निम्ती आफ्नो ज्यानको बलिदान दिने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । साथै यस आदर्श गाउँपालिकाको संक्षिप्त चिनारी प्रस्तुत गर्न चाहान्छु ।

संघीय संरचना अनुसार शुदूर पश्चिम प्रदेश अन्तर्गत रहेको डोटी जिल्लाको सदरमुकाम सिलगढी बाट ३३ कि.मी. टाढा रहेको आदर्श गाउँपालिकाको पूर्वमा दि.सि.न.पा.,पश्चिममा शिखर न.पा. र डडेल्धुरा,उत्तरमा सायल गाउँपालिका र दक्षिणमा शिखर न.पा.रहेको छ । यस आदर्श गाउँपालिकाको कुल क्षेत्रफल १२२ वर्ग कि.मी. र जनसंख्या २३९४५ रहेको छ भने विशेष गरि क्षेत्री,बाहुन,दलितहरुको बाहुल्यता रहेको यस गाउँपालिकामा हाल ७ वटा वडाहरु रहेको व्यहोरा अवगत गराउन चाहान्छु ।

आदरणीय प्रमूख अतिथिज्यु

हामीले सहभागीतात्मक गाउँ विकास योजना तर्जुमा प्रकृया अवलम्वन गरी बस्ती तथा टोल र वडास्तर हुदै आएका योजना हरुलाई संघिय सरकारको तथा प्रदेश सरकारको मार्ग दर्शन तथा गाउँपालिकाको आन्तरिक श्रोतलाई समेतलाई ध्यानमा राखी आ.ब. २०७६।०७७ को पाँचौ गाउँसभा बाट नीति कार्यक्रम र गाउँ विकास योजना तर्जुमा गरीएकोले यो निति तथा कार्यक्रमले यस गाउँपालिकाको विकास ,उन्नति र प्रगतिका लागी आधार तयार गर्ने छ भन्ने कुरामा हामी विश्वस्त रहेका छौ ।

**आदरणिय प्रमुख अतिथिज्यू,**

हामी पदाधिकारीहरु निर्वाचित भई यो दूई वर्षको समय सम्म यस आदर्श गाउपालिकामा भएको उपलब्धिहरुको वारेमा छोटकरीमा प्रस्तूत गर्न चाहान्छु ।

यस आदर्श गाउँपालिकामा रहेका सात ओटा वडाका करिब २५ हजार नागरिकलाई बिकास र सुशासन दिनु र विकासमा नागरिकको सहभागिता बृद्धि गर्नु हाम्रो जिम्मेवारी हो । विगत आ.व. मा यस आदर्श गाउँपालिकामा भौतिक तथा मानबीय बिकासमा कस्तो प्रभाव पारेको छ सो बिषयमा संक्षिप्तमा यसरी प्रस्तुत गर्न चाहान्छु ।

**(क) आर्थिक बिकास:** गाउँका बासिन्दाको गरिबी न्यूनिकरण गर्नु हाम्रो ठूलो चुनौति रहदा रहदै पनि हामीले जनताको जीवनस्तर उठाउनका लागि प्रधानमंत्री कृषि आधुनिकीकरण परियोजनाको निरन्तरता दिई यस क्षेत्रका किसानलाई आत्मनिर्भर बनाउन प्रयास गरेका छौं । पशुपालनको माध्यमबाट गाउँका बासिन्दालाई रोगगार प्रदान गर्न गाउँका धेरै स्थानमा पशुपालन गर्ने कार्यलाई पाथमिकता दिई आवश्यक कार्यकम कार्यान्वयन गरिएको छ । स्वरोजगार कार्यकम अन्तर्गत हाल सम्म रोजगार सेवा केन्द्रको स्थापना तथा कार्यालय व्यवस्थापन गरिएको छ भने बेरोजगार व्यक्तिहरुको सूचि संकलन गरि रोजगार योजना संचालन गरिएको छ ।

**(ख) सामाजिक क्षेत्र:** बिद्यालयको सेवा सुधार गर्न बिद्यालयको अनुगमन सुपरीबेक्षण, एबं सामाजिक सुधार वाल संरक्षण तथा सरसफाई सम्बन्धी कार्यकम गरिएको छ । प्रत्येक वडाहरुमा बहूक्षेत्रीय पोषण योजना कार्यकम कार्यान्वयन गरिएको छ । वडा नं.४ मा खानेपानी तथा पूर्ण सरसफाई कार्यक्रम लागु गरी सामाजिक बिकासको क्षेत्रलाई माथि उठाउने प्रयास गरीएको छ भने वडा नं.१ को चाँसी,वडा नं २ को बाहुनकाँडा वडा नं ३ को ऐली र काँडी वडा नं ५ को तलारा वडा नं ६ को सवखोलामा सामुदायिक स्वास्थ्य एकाइ केन्द्र स्थापना गरिएको छ । गाउँपालिकालाई पूर्ण साक्षरयुक्त घोषणा समेत गरिएको छ भने राष्ट्रपती रनिङ शिल्ड खेलकुद प्रतियोगिता पनि भइसकेको छ । जिल्ला प्रशासन कार्यालयको आयोजना तथा यस आदर्श गाउँपालिकाको सहयोगमा एकिकृत घुम्ति शिविर कार्यकममा ६०३ जनाले नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्न सफल भएका र शिक्षा,स्वास्थ्य,कृषि,पशु कार्यालयले आ आफनो सेवा प्रवाह गरेको र गाउँपालिकाको सहयोगमा वडा नं १,२ र ७ का छनौट गरिएका महिलाहरुको मौवानगरदहमा र वडा नं.३,४ र ५ को स्याउलेमा सिलाइ कटाई सम्बन्धि सिपमुलक कार्यकम सञ्चालन गरिएको साथै गाउँपालिका पार्श्वचित्र निर्माण हुने तयारीमा रहेको व्यहोरा समेत जानकारी गराउन चाहान्छु ।

**(ग) पूर्बाधार बिकास क्षेत्र:**गाउँपालिकाको बिकासमा पुर्बाधार बिकासका लागि सबै वडामा बिनियोजन गरिएको बजेटको ठूलो हिस्सा यसै क्षेत्रमा बिनियोजन गरिएको थियो । गाउँपालिका क्षेत्रका पुर्बाधार अर्न्तगत वडा नं.१ दुर्गा मन्दिरको घेरवार तथा गेट निर्माण वडा नं.२ मा बजेडी बाहुनकाँडा सडक निर्माण गरि सबै टोलमा यातायात सर्वसुलभ भएको,पर्यटकिय प्रवर्द्धनको लागि गिठेगुणा गुफा व्यवस्थापन गरिएको र प्रेमस्मुति पार्कमा भ्यू टावर देखि पिकनिक स्पोर्टस निर्माणका लागि डिपिआर तयार गरि निर्माण कार्य शुरु गरिएको, नमाशिवशक्ति बचत तथा ॠण सहकारी संस्था लि.को भवन

निर्माणमा आवश्यक सहयोग गरिएको,वडा नं. ३ को आडको गाउँमा सडक पुग्न सफल भएको,ऐलीमा सिंचाइ नहर निर्माण गरि कृषि उत्पादनमा वृद्धि हुने आसा रहेको र निजि उद्योगलाई अनुदान दिई निजि क्षेत्रलाई प्रोत्साहन गरिएको वडा नं.४ मा रोडिङ देखि धुले सम्म ढलानको बाटो निर्माण रआकासे पानी संकलन पोखरी निर्माण अति उत्तम देखिएको वडा नं.५ सिंचाइ पाइप खरिद गरि सबै टोलमा सिंचाइ कार्य व्यवस्थापन गरिएको र तलारा सिंचाइ कुलो निर्माण भएको साथै वडा कार्यालय व्यवस्थित भएको वडा नं.६ को गिरिचौकामा देवी मन्दिर निर्माण तथा गिरिचौकाको सवखोलाको भैरी सम्म सडक निर्माण, ऐली थला सडक निर्माण वडा नं.७ मा दहकालिकास्थान सडक ग्रभेल गरिएको तथा सालला र दहमा बालविकास केन्द्र भवन निर्माण गरिएको छ भने सबै वडामा आकासे पानी संकलन पोखरी निर्माण भएका छन ।

**(घ) बाताबरण तथा बिपद् व्यबस्थापन:**बाताबरण संरक्षणमा गाँउपालिका भित्रका सामुदायिक बनमा बृक्षारोपण गर्ने कार्यक्रम रहेको छ । गाउँपालिका तथा वडा स्तरमा बिपत व्यबस्थापन समिति गठन भई गैर सरकारी संस्था, नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाइटी संग समन्वय बढाउने लक्ष्य भएको जानकारी गराउन चाहान्छौं ।

**(ङ) संस्थागत बिकास, सेवा प्रबाह र सुशासन:**गाउँपालिकाको संस्थागत बिकासको लागि सबै शाखा, एकाई, सहित सबै संग समन्वय बढाइएको छ । स्वास्थ्य सेवालाई सुदृढ गर्न कर्मचारी थप गरिएका छन । गाउँकार्यपालिका कार्यालयलाई सुशासनमुखि बनाउन कार्यालयमा बिद्युतिय हाजीर र सिसिक्यामेरा जडान गरिएको छ । गाउँकार्यपालिकाबाटबाट गरिने अनुगमन सुपरीबेक्षण कार्यलाई सुदृढ गरिएको छ ।

**च) न्यायिक समिति:** यस गाउँपालिकामा तीन सदस्यीय न्यायिक समिति गठन र वडामा वडास्तरी मेलमिलाप समिति गठन भई उक्त समितिलाई ८ दिने मेलमिलाप सम्बन्धि तालिम सञ्चालन भएको छ भने न्यायिक समितिमा साँध सिमाना, लेनदेन, घरेलुहिंसा, कुटपिट, जस्ता मुद्दा आएकामा करिब २९ वटा मुद्दाहरु समयमा नै मिलापत्र एवं किनारा समेत भईसकेको जानकारी गर्न चाहान्छु ।

**आदरणीय प्रमुख अतिथिज्यु**

गाउँपालिकाको विकास सरकारी प्रयासले मात्र सम्भव नहुने कुरा हाम्रा सामु छर्लङ रहेको छ। बजेट खर्च तथा बजेट उपलब्ध गराउने कुरालाई हेर्दा लाखौ रुपैया सरकारी गैर सरकारी क्षेत्रबाट बिनियोजित एवं खर्च भै नै रहेको छ तथापि यहाको भौतिक आर्थिक तथा मानबीय बिकास को स्थिति अन्यत्रका गाउँपालिकाको तुलनामा कमजोर रहेको देखिन्छ । उपभोक्ता समिति गाउँपालिका क्षेत्रका आयोजनाहरुको निर्माणमा आ-आफ्नो भुमिका निर्वाह गर्दै आएकोमा आयोजनाको गुणस्तरमा समेत ध्यान दिईरहेका छन । आयोजना निमार्ण कार्य पश्चात त्यसको दिगोपनको लागि उपभोक्ता समितिको भुमिका प्रभावकारी हुन नसकेको यर्थाथ हाम्रा सामु बिद्यमान रहेको छ भने गाउँका ठुला आयोजनाहरुको छनौट एवं कार्यान्वन पनि प्रभावकारी नभएको कारण कमजोर गुणस्तरको काम एवं बजेट तथा कार्यक्रम अनुरुप कार्य हुन नसक्दा बिकासले समाजमा सकारात्मक परिवर्तन गरी सर्वसाधारणको जनजीवनमा उल्लेख्य प्रभाव पार्न सकेको छैन ।

गाउँपालिकालाई सभ्य,आर्कषण ,भ्रष्टाचार अनियमिता र ढीलासुस्ती रहित सुबिधा सम्पन्न बनाउन यस सभामा उपस्थित प्रतीनिधी राजनैतीक दल,उपभोक्ता समिति, नागरीक समाज,पत्रकार,महिला,दलित,अपाङ्ग, जनजाती बुद्धीजीबी,शिक्षक,समाजसेवी,कर्मचारी एंव गाउँबासी सबैको कर्तव्य हो। बिगतका राम्रा नराम्रा कुराको समीक्षा गर्दै आगामी दिनमा कसरी राम्रो गर्न सकिन्छ भनि केही लक्षित कार्यक्रम ,नीती तथा योजना तर्जुमा गर्दै अगाडी बढ्नु पर्ने आबश्यकताका कारण आ.व.२०७६/०७७ मा गाउँसभाले केही लक्षित कार्यक्रम तथा नितीहरुलाई निम्नानुसार अगाडि सारेको छ ।

**१. आर्थिक बिकास** :गाउँपालिकाका बासिन्दालाई आयआर्जनका कृयाकलापहरुमा आत्म निर्भर बनाई रोजगार सृजना गर्ने कार्यलाई प्राथमिकता दिन आबस्यक ठहर गरि शहरी क्षेत्रमा हुने सुबिधा बृद्धि गरी आकर्षक गाउँ बनाउन र तराईतिर बसाइसराईको क्रमलाई रोक्न आजको आबस्यकता रहेको महसुस हामीलाई भएको छ त्यसैले बजार ब्यबसाय, कृषि, पशुपालन, फलफुल, कुखुरापालन एबं पकेट क्षेत्र, सिप बिकास तालिम, उन्नत सहकारी, सिंचाई र **एक गाउं एक उत्पादनको कार्यक्रम** आबस्यक रहेको छ त्यसैले आर्थिक बिकासको लागि आबस्यक पर्ने रकम बिनियोजन गर्ने गरी निम्न बमोजिमका नीति अख्तियार गरिएको छ ।

- एक वडा एक कृषि उत्पादन पकेट क्षेत्र कार्यको अबधारण लाई अगाडी बढाई कृषकहरुलाई आत्मनिभरता तर्फ उन्मुख गराइने निति लिइएको छ ।
- कृषि क्षेत्रमा विशेष आलु कार्यक्रम,मौरी कार्यक्रम,प्लास्टिक घर निर्माण कार्यलाई प्राथमिकता दिईएको छ ।
- साना सिचाइ कार्यक्रम,प्रधानमन्त्री कषि आधुनिकिकरण तथा बाली विकास कार्यक्रमलाई निरन्तरता दिईएको छ ।
- आकासे पानी संकलन,तथा कृषि मेला पर्दशनी कार्यक्रम सञ्चालन गरिने निति लिइएको छ ।
- स्थानीस्तरमा रोजगारी अभिबृद्धिगर्न अन्य सरकारि तथा गैरसरकारी निकायहरु संगको साझेदारीमा बिभिन्न किसिमका सीपमुलक तालीम कार्यक्रम सञ्चालन गरिने भएको छ ।
- पर्यटन बिकासलाई अघि बढाउन आबश्यक पुर्बाधार विकास बढाइने कार्यक्रम रहेको छ ।
- गाउँपालिकाको आन्तरीक स्रोत अभिबृद्धिका लागी करका नयां स्रोतहरुको पहिचान गरी राजस्व अभिबृद्धि गर्नका लागी थप अध्ययन गर्नुका साथै कर संकलनका लागी यस गाउँपालिकासंग सम्बन्धित संघ संस्थाहरु संग सहकार्य तथा राजस्व साझादारीको निती अवलम्बन गरिने भएको छ ।

- सम्बन्धित निकाएको सहयोग तथा सहकार्य सहित बजार अनुगमन गर्ने व्यवस्था मिलाइने भएको छ ।
- बजारमा अनियन्त्रीत रुपमा पसल अगाडी राखेका होडिङ्ग बोर्ड तथा फुटपाथ पसलहरुलाई हटाइ बजारलाई व्यबस्थित तथा सफा बनाइने कार्यकम रहेको छ ।
- चाँसी, काँडी तथा गिरिचौका, क्षेत्रमा तरकारी तथा नगदैबालीको पकेट क्षेत्र बनाई नगदे बाली उत्पादन का लागी किसानलाई प्रोत्साहन गरी आवश्यक सहयोग गरिने भएको छ ।
- यूवा बेरोजगारलाई काम गर्न गाउँपालिकाकाका सम्भाबित क्षेत्रमा बाखा पालन फलफुल कार्यकम सञ्चालन गर्न किसानलाई प्रोत्साहित गरिने भएको छ ।
- गाउँपालिकको वडा नं.६ अर्न्तगत गिरिचौका क्षेत्रमा वनस्पती घिउ तथा सिमेन्ट उधोगको सम्भाब्यता अध्ययन गरीने भएको छ ।
- सामुदायिक बनका सदस्यहरुमा उद्यमशिलता बिकास गर्नका लागि एक बन एक उत्पादन कार्यक्रम सञ्चालन गरिने छ ।

**(ख) सामाजिक बिकास :**सामाजिक बिकास चेतना, शिक्षा, समाबेशी बिकास जस्ता कुराहरुलाई पनि प्राथमिकता दिन आबस्यक कुरा भएको महसुस गरी उक्त क्षेत्रको बिकासका लागि एथोचित बजेट विनियोजन गरी निम्नुसारका नीतिहरुलाई प्राथमिकता दिइने भएको छ ।

- बालमैत्री स्थानीय शासनलाई प्रभावकारी किसिमले लागु गर्न बालमैत्री सम्बन्धी कार्यकम संचालन गरिनेछ । गाउँपालिकालाई बालश्रम निषेधित गाउँ बनाउन आबश्यक सबै प्रकृया अपनाइनेछ र बाल श्रमिक कुनै पनि बहानामा राख्न नपाउने नीति अख्तियार गरिने भएको छ ।
- सम्भव भए सम्म सबै बस्तिलाई समेट्ने गरी प्रारम्भिक बालबिकास केन्द्रको स्थापना गरिने छ र भएका बालबिकास केन्द्रको गुणस्तर सुधारमा प्रोत्साहन गरिने भएको छ ।
- गाउँपालीकाको निर्माण गरिने विकासको हरेक क्षेत्रमा बालमैत्री,अपाङ्गमैत्री संरचना निमार्ण गरिने कार्यकम रहेको छ ।
- कला, संस्कृतिक र साहित्यको जर्गेना गर्ने गरी भुवा, रनपुतला, गौरा, रोपाइजात्रा, हुड्केली, पञ्चेबाजा,विभिन्न जात्रा जस्ता धार्मीक संस्कृतिक, कला र साहित्यिक कुराको जर्गेना गर्न कार्यकम बनाईने कार्यक्रम रहेको छ ।
- निजीक्षेत्रका सवारी साधनमा आवत जावत गर्ने जेष्ठ नागरिक, तथा अपांग व्यक्ति, बिद्यार्थी समेतलाई नियमानुसारको भाडामा २५ प्रतिशत रकम सहुलियत दिइने व्यवस्था मिलाइने कार्यकम रहेको छ ।

- जेष्ठ नागरिकहरुलाई परिचय पत्रको व्यवस्था गरिने भएको छ ।
- बालश्रम न्युनिकरण गर्दै लगी यसलाई निर्मुल पार्न बालसञ्जाललाई सक्रिय बनाउदै बिभिन्न कार्यक्रमहरु संचालन गरिनुका साथै बालहित संरक्षण तथा बाल बिकासमा उनिहरुको पहुंच तथा सहभागिताको सुनिश्चतता गरिने कार्यक्रम रहेको छ ।
- सार्बजनिक तथा सामुदायिक बिद्यालयको मर्मत सुधार ,फर्निचर तथा भौतीक बिकास सम्बन्धी कार्यक्रममा सहयोग पुऱ्याउदै यस्ता कार्यक्रम संचालन गर्दा नेपाल सरकारले तोकेको मापदण्डलाई पुर्णरुपमा पालना गर्न उत्प्रेरित गरिने भएको छ ।
- पुर्ण संस्थागत प्रसुती युक्त गाउँपालिका घोषणा गर्नको सामुदायिकस्वास्थ्य केन्द्रलाई बर्थिङ सेन्टरमा परिणत गरिने छ । यस क्षेत्रमा रहेको ७ ओटा सामुदायिक स्वास्थ्य केन्द्रलाई परिचालन गरी मातृशिशु स्वास्थ्य एवं सुनौला हजार दिनका आमा र शिशूको स्वास्थ्यलाई ध्यान दिइने निति अगाढि बढाइने भएको छ ।
- आदर्श गाउँपालिका अन्तर्गत रहेको स्वास्थ्य संस्थामा त्रैमासिक रुपमा एकिकृत विशेषज्ञ स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिने भएको छ ।
- स्वास्थ्य संस्थामा भिडियो एक्सरेबाट गर्भवती महिलाहरुको परिक्षण गराइएकोमा स्थानीय स्वास्थय कर्मीलाई सो सम्बन्धि तालिमको व्यवस्था गरि निरन्तरता दिइने छ ।
- गाउँपालिकाबाट सबै बर्थिङ सेन्टरमा कामगर्ने अ.न.मि.हरुलाई SBA तालिम उपलव्ध गराई शूरक्षित प्रशुती सेवा दिइने छ ।
- स्वास्थ्य संस्थामा निशुल्क गर्भपतन सेवा सञ्चालन तथा घरघरमा पानी शुद्धिकरण गर्नको लागि पियुष कार्यक्रम सञ्चालन गरिने छ ।
- स्वास्थ्य क्षेत्रमा रहेका निजि क्लिनिक ,पोलिक्लिनिकहरुलाई व्यवस्थित र दर्ताको प्रकियामा ल्याइने छ ।
- स्वास्थ्य कार्यक्रम अन्तर्गत आमा सुरक्षा कार्यक्रममा दिदै आएको यातायात र उत्प्रेणा भत्ता कायम गर्ने निति रहेको छ ।
- समुदायस्तरको स्वास्थ्यको जिम्मा लिन हुने म.स्वा.स्व.से.हरुको सेवालाई विस्तार र गुणस्तरीय बनाउन सकिय नरहेका म.स्वा.स्व.से.हरुलाई सम्माजनक बिदाई गराइ निजको ठाउँमा प्रकिया बमोजिम नया छनौट गरिने छ ।
- खेलकुद बिकासका लागी खेलकुद संग सम्वन्धित संघ संस्थाहरु संगको समन्चय र सहकार्यमा गाउँपालिका स्तरीय खेलकुद प्रतीयोगीता संचालन गरिनेछ । साथै खेलकुद बिकास र कार्यक्रम संचालनका लागी गाउँपालिकाको केन्द्र बिन्दुमा युवाहरुलाई सृजनशीलता तर्फ उन्मुख गराउन दुर्व्यसनजन्य कुरालाई न्युनिकरण गर्न नेपाल सरकारका निकाय संगको समन्वय बढाउने र महिला हिंसा न्युनिकरण गर्न आवस्यक कार्य गरिने भएको छ ।

- यस गाउँपालीका क्षेत्रमा मदिरा जन्य पदार्थको बिक्रि बितरणलाई व्यवस्थित गर्न सम्बन्धित निकाय संग समन्वय गरी सार्बजनिक स्थलबाट तोकिएको दुरी, र समयमा मात्र बेचबिखन गर्न पाउने ब्यबस्थालाई कडाइका साथ लागु गर्न आबस्यक कार्यकम रहेको छ ।
- गाउँपालीकाका जनताको स्वास्थ्य सेवामा आवश्यक पहुँच पुगाउन एम्बुलेन्स संचालन गरिने कार्यकम रहेको छ ।
- प्रत्येक स्वास्थय संस्थाहरुमा आवश्यकता अनुसार अ.न.मि.र स्वीपरको ब्यवस्था गरिने छ ।
- बिपन्न पछाडी पारीएका ब्यक्तिहरुका लागी आय आर्जन सम्बन्धी सीपमुलक कार्यकम ( गारमेन्ट, होजीयारी) उद्यमशीलता बिकास गर्ने कार्यक्रम सहित एक वडा एक उद्यमशीलता दूग्ध उत्पादन, तरकारी फलफुल र नगदेबाली पकेट क्षेत्र कार्यक्रम संचालन गरीने भएको छ । साथै वडा नं.६ को गिरिचौकामा महिलाहरुका लागि सिलाइ कटाइ तालिम सन्चालन गरिने छ ।
- महिलाबर्गलाई हरेक क्षेत्रमा सहभागीताका लागी बिभिन्न शशक्तिकरण कार्यक्रमहरु सञ्चालन हुने गरिने छ ।
- यस गाउँपालिकालाई आगामी ५ बर्ष भित्रमा कुपोषण मूक्त गरी पोषण यूक्त गाउँ बनाउन स्वास्थ्य,शिक्षा,कृषि,पशुसेवा,खानेपानी तथा सरसफाई महिला तथा बालबालीका र संस्थागत सुशासनको क्षेत्रमा बहुक्षेत्रीय पोषण योजनालाई उच्च प्राथमीकता दिई कार्यान्वयनमा ल्याइने भएको छ ।
- गाउँपालिका क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु,गिरिचौकाको तेडी मन्दिर,काँडीको दशै पर्व,देहिमाण्डौको जाँत,पाइलको दुर्गा जात,नवादेव (मौवा) जात, गिरिचौकाको डुणाबाग (चौसट्टी बोकाको भोग खाने देवता) बाझककानीको कालसैनी भैरव दशै पर्व र वडा नं. २ को गुफाको संरक्षण तथा विकासमा जोड दिईने कार्यकम रहेको छ ।
- आदर्श गाउँपालिका अन्तर्गत रहेका वडा नं.६ मा रहेको शिव गुफा,वडा नं.७ मा रहेको गजलागिरी गुफा, भैरव मन्दिर,वडा नं.३ मा रहेको टुडलेकी देवी मन्दिर आड,डाणाबाग मन्दिर काँडा,वडा नं.५ मा रहेको मष्टा देवताको मन्दिर,भगवती मन्दिर तलारा,तेडी मन्दिर पाली,समैजी मन्दिर,वडा नं.२ मा रहेको कारेकोट भैरव मन्दिर,महादेव मन्दिर,वडा नं.१ मा रहेको बुणातेडी मन्दिरको संरक्षण सम्र्बद्धनमा जोड दिईने छ ।
- अनिवार्य बिद्यालय भर्ना अभियान एवं ब्यक्तिगत घटना दर्ता कार्यकमलाई वडा एवं गाउँमा अभियानको रुपमा संचालन गरिएको छ ।

- समाजमा रहेका कुरिती छाउपडी,बालविवाह, छुवाछुत, घरेलु हिंसा,जातिय विभेद तथा बालदुर्व्यबहार जस्ता कुरालाई निरुत्साहित गर्ने कार्यक्रम संचालन गरिने भएको छ ।
- गाउँपालिका क्षेत्रमा रहेको बिद्यार्थी संख्या न्युन रहेको बिद्यालयहरुलाइ आबश्यकता अनुसार समायोजन गरी बिद्यालयको संख्या घटाई गुणस्तरीय शिक्षा प्रबर्द्धन गर्न अंग्रेजी माध्यमको पढाई हुने कार्यलाई प्राथमीकता दिई बिद्यालयको गुणस्तर सुधार गर्न शिक्षा नियमावली बनाउने कार्यक्रम रहेको छ ।
- सामुदायिक विद्यालयहरुमा मन्टेश्वरी शिक्षा सम्वन्धि तालिमको व्यवस्था गरि सो सम्बन्धि शिक्षा बालबालिकाहरुलाई उपलव्ध गराउने निति लिइएको छ ।
- आदर्श गाउँपालिकामा इलाका प्रशासन कार्यालयको स्थापना मागको लागि सम्बन्धित निकायमा अनुरोध गरिने छ ।
- खप्तड क्याम्पसमा प्राबिधिक बिषयको पढाईका लागी आबश्यक सहयोग र समन्वय गरिनेछ । साथै गाउँपालिका भित्र रहेका मा.वि.हरुमा पनि प्राविधिक बिषयको पढाई संचालन गर्न आवश्यक भौतीक पूर्वाधार निर्माणका लागी भौतिक पूर्वाधार तथा बिकास मन्त्रालय प्रदेश सरकार मार्फत आवश्यक समन्वय र सहयोग गरिनेछ ।
- मौवानगरदह स्वास्थ्य चौकीलाई नमुना स्वास्थ्य चौकी बनाइने छ ।
- दुर्गा देवी मन्दिर देहिमाण्डौलाई धार्मिक तथा पर्यटकियस्थल बनाउन आवश्यक पहल गरिने छ ।
- गाउँपालिकाको बृहत खानेपांनी योजना निर्माणको लागि केन्द्र,प्रदेश तथा अन्य संघ संस्थाहरु संग समन्वय गरिने छ ।
- स्थानीय कच्चा पदार्थबाट अचार तथा खाद्येवस्तु उत्पादन सम्बन्धि तालिम सञ्चालन गरिने छ ।

**(ग) पुर्वाधार बिकास** :गाउँपालिकाका प्रमुख पूर्बाधार बिकासका लागि आबशयकता अनुरुप बजेट बिनियोजन गरिएको छ । अधूरा आयोजनाको निरन्तरता र नयां आवश्यक पुर्बाधार निर्माणलाई प्राथमिकता दिइएको छ ।

- :गाउपालिका क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागी आबश्यक समपुरक कोष मर्मत सम्भार कोष सहित पुर्बाधारको स्तर बृद्धिका लागि बजेटको व्यवस्था तथा सडकहरुको स्तरोन्नती गर्दै लगिने कार्यक्रम रहेको छ ।
- गाउँपालिका अन्तर्गत गाउँकार्यपालिकाको कार्यालयको भवन निर्माण तथा वडा नं.३ र ७ को वडा कार्यालयको भवन निर्माण गर्ने कार्यकम रहेको छ ।
- बिषेश गरी दिपायल देखि मौवा क्षेत्रमा सडक निमार्ण गर्दा दायां बायां पक्की नाली सहितको कालोपत्रले सडक निमार्ण गरिने कार्यलाई शुरुवात गरिने छ साथै उक्त सडक स्तरोन्नती

कार्यमा भौतिक पूर्वाधार तथा विकास मन्त्रालय प्रदेश सरकार समक्ष सहयोगको लागि अनुरोध गरिने भएको छ ।

- आ. व २०७५।०७६ मा सम्झौता भई कार्यान्वयन रहेका योजनाहरुलाई उच्च प्राथमिकता दिइएको छ ।

- वडा नं. २ को कुचेडाको सामुदायिक वनको कपरतोलामा प्रेम स्मृती पार्क निर्माणको प्रक्रिया अगाढि बढेकोमा निरन्तरता दिईने तथा भुण र दोबाजमा प्रवेशद्धार निमार्ण गरिने कार्यलाई अघि त्रढाईने छ ।
- गाउँपालिकामा आबश्यक रहेको खानेपानीको आपुर्तीलाई सहज बनाउन आदर्शमा वृहत खानेपानी योजनालाई सन्चालन गर्नका लागी आबश्यक पहल गरिने भएको छ र पानी नभएका बस्तिमा खानेपानी एवं सरसफाईको लागी अन्य सरोकारवाला निकायहरुसंगको सहकार्यहरुलाई पनि जोड दिइएको छ,।
- गाउँपालिका भित्रका बिजुली बत्ति नपुगेका गाउं बस्तिलाई बिजुली बत्ति पुगाउन उच्च प्राथमिकता दिइएको छ ।
- कम्तिमा आदर्श गा.पा.को केन्द्र बिन्दूबाट कम्तिमा २०० मिटर पक्की सडक निर्माण कार्यलाई अघि बढाइने छ ।
- सडक स्तरोन्नती गरि बस सञ्चालन गरिने छ ।
- पानी टयाकीं खरिद कार्य अघि बढाईने छ ।
- बिषेशत ठूला पूर्वाधार तर्फ प्रदेश सरकारबाट आउने बजेटलाई लक्षित गरिएको छ ।

अ. घर नक्सा पास :

- गाउँपालीकामा सरकारी,गैरसरकारी,तथा नीजी घर,भवन ,निर्माण गर्दा नक्सा पास गर्ने प्रणालीलाई निरन्तर अवलम्बन गरिने भएको छ ।
- निर्माणको कममा रहेको वा अब नयां बन्ने भवनहरुलाई "एकघर पाँच बिरुवा"को निती अबलम्बन गरिएको छ ।
- गाउँपालिकाको क्षेत्रभित्र अब बन्ने प्रत्येक सार्वजनिक तथा सरकारी भवनलाई अपाङ्ग मैत्री बनाउनका प्रोत्साहन गरिने भएको छ ।
- घर नक्सा पास प्रकृयालाई लागु गरिएको छ ।
- घना बस्ति भएका क्षेत्रमा ढल निकासको उचित ब्यबस्थापनमा ध्यान दिइएको छ ।

(घ)वातावरण तथा विपद व्यवस्थापन :यसै बर्ष देखि विपत ब्यबस्थापनका लागि आबस्यक समिति र कोष एबं सामग्री ब्यबस्था गरिएको छ । बिपद ब्यबस्थापनका लागि थप आवस्यक कार्य समेत गरिने भएको छ ।

- गाउँपालिका क्षेत्र भित्रका मुख्य सडकहरुको दायां बायां हरियाली एवं सौन्दर्य बढाउन बृक्षारोपण एवं संरक्षण गर्दै लगिने कार्यक्रम रहेको छ ।
- गाउँपालिका क्षेत्रलाई खुला दिशा मुक्त गरिसकेको र गाउँपालिकाका अधिकांस घरमा पूर्ण सरसफाई प्रवद्धर्न गर्नका लागी सरसफाई कार्ड बितरण गरी पुर्ण सरसफाई अभियानलाई निरन्तरता दिईने भएको छ ।
- गाउँपालीकालाई पुर्ण सरसफाई युक्त र बिद्यालयलाई नमुना सरसफाई को बिद्यालय कायम गरी बाताबरण मैत्री सफा शहर बनाउन Post ODF अर्न्तगतका आवश्यक कार्यक्रम संचालन गरिनुका साथै मुख्य क्षेत्र लगायतका बिभिन्न स्थाहरुमा सार्वजनिक शौचालय निमार्णमा जोड दिइ हरियाली बृद्धि गर्न जोड दिइने कार्यक्रम रहेको छ ।
- दैबी प्रकोपबाट प्रभाबित व्यक्तिहरुलाई सहयोगका लागी गाउँपालिकामामा रहेको दैबि प्रकोप उद्धार कोषमा रकमको बढोत्तरी गरी कोषको परिचालन गरिएको छ ।
- गाउँपालिका क्षेत्रको बजार क्षेत्रमा रहेका घर, पसल, होटल अगाडि जथाभाबि फोहर फाल्नेलाई फोहर व्यबस्थापनको लागि जानकारी गरि र अटेर गरी जथाभाबि फोहर गर्ने लाई फोहरमैला व्यबस्थापन ऐन बमोजिम कार्बाही अगाडि बढाइएको छ ।
- सडक अतिक्रमण गरी निर्माण गरेका घर,टहराहरु हटाउनका लागी सडक सिमानाको पुर्नर्धिारण गरी हटाउने कार्यलाई प्राथमीकताका साथ अगाडी बढाइएको छ ।
- प्लाष्टिकजन्य वस्तुहरुको प्रयोग र उत्पादनलाई घटाइने छ ।

(ङ) **संस्थागत बिकास तथा सेवा प्रवाह र सुशासन**:गाउँकार्यपालिका कार्यालयका कर्मचारी, जनप्रतिनिधी, नागरिक समाज, बिकास साझेदार, गैरसरकारी संस्थाहरु संगको सहकार्य र समन्वयमा जोड दिइएको र उक्त कार्य सञ्चालनको लागि आबश्यक रकम बिनियोजन गरी उक्त कार्य गर्न निम्न नीति र कार्यक्रम अख्तियार गरिएको छ ।

- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सवल बनाउन वडा तह सम्म योजना तर्जुमा सम्बन्धी क्षमता अभिबृद्धि गर्ने कार्यक्रम संचालन गरीने भएको छ ।
- योजनाको कार्यन्वयन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउनको लागी उपभोक्ता समितिका पदाधिकारीलाई योजना कार्यन्वयन पूर्व नै आबश्यक तालीम प्रदान गरिने भएको छ ,
- बिभिन्न लक्षित बर्गहरुको क्षमतामा अभिबृद्धिका लागी क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गरिएको छ ।

  सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभाबकारी बनाउन गाउँपालीका कार्यलय तथा वडा कार्यालयहरुलाई साधन सम्पन्न गराईएको छ ,
- सार्वजनिक,परीक्षण,सामाजीक परिक्षण,सार्वजनीक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमबाट सुशासन र पारदर्शिता अभिबृद्धि गरिने भएको छ ।

- गाउँपालीका तथा वडा कार्यालयहरुबाट प्रवाह गरीने सेवा अझ व्यवस्थित बनाउनका लागी कम्प्युटरिकृत स्वचालीत पद्धतिको अबलम्बन गर्दै लगिएको छ ।
- गाउँपालीकामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरष्कृत गरिने कार्यक्रम रहेको छ ।
- प्रभाबकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुका लागि आवश्यक क्षमता बिकासका क्रियाकलापहरु सञ्चालन गरिएको छ ।
- गाउँपालीकाको काम कारबाहीलाई व्यवस्थित बनाउन डिजीटल सुचना प्रणाली र डिजिटल हाजीर प्रणालीलाइ निरन्तरता दिइएको छ ।
- गाउँपालीकाको गुरुयोजना तयार गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइएको छ ।
- गाउँ सभाबाट पारित कानून तथा कार्यपालिकाबाट स्विकृत गरिएका निर्देशिका तथा बिनियमलाई पालना गर्नका लागि सो सम्बन्धी जनप्रतिनिधीहरुका लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने कार्यक्रम रहेको छ ।

अन्य बिबिध कार्यक्रमहरु :

- छोटो समयमा बढी प्रतीफल र कम लगानीबाट बढी भन्दा बढी लाभ पुऱ्याउने र अधिकतम जनसहभागीता हुन सक्ने योजनालाई प्राथमीकता दिइने नितिलाई यर्थाथ र प्रभाबकारी बनाइएको छ ।
- गाउँपालिकाको आवधिक योजना निर्माण कार्यलाई अघि बढाइने कार्यक्रम रहेको छ ।
- गाउँकार्यपालीका कर्मचारी,पदाधीकारीहरु,राजनैतीक दल तथा सरोकारवालाहरुको क्षमता बिकास तथा गाउँपालीकाको संस्थागत बिकास कार्यलाई सुदृढ गरिनेछ उक्त कार्यको लागी एलजिसिडिपी,ग्रामीण बिकास प्रशिक्षण केन्द्र,युनिसेफ, बहुक्षेत्रीय पोषण योजना लगायतका कार्यक्रम एबं अन्य संघसंस्था एवं संग समन्वय बढाइने कार्यक्रम रहेको छ ।
- कार्यालयबाट सम्पादन हुने जनताका दैनीक कार्यहरुलाई अझ जनमुखी छिटो छरितो (चुस्त दुरुस्त) पार्ने प्रयासका लागी शाखागत कार्य बिभाजन ,कर्मचारीको कार्य बिवरणको परिमार्जन गरी जिम्मेवारी बढाउने नीति लिइएको छ ।
- व्यवसायकर असुली गरी आन्तरीक आय बढाउनका लागी पहल गरीने छ । साथै करको प्रतिफल करदाताले पाउने व्यवस्था अबलम्बन गरिएको छ ।
- बिपन्न समुदायको आर्थिक बिकास हुने खालका कार्यक्रमलाई प्राथमिकता दिइएको छ ।
- गाउँपालिकाका जेष्ठ नागरीकहरुलाई स्वास्थ्य शिबिर मार्फत स्वास्थ्य उपचार गर्ने र पारिवारीक व्यवहार सुधार सम्बन्धी क्रियाकलाप एबं जेष्ठ नागरिक सम्मान गर्ने क्रियाकलापलाई निरन्तरता दिइने कार्यक्रम रहेको साथै बिपन्न एकल महिला अती बिपन्न परिवारहरुलाई आयआर्जनका क्रियाकलापमा सहभागि गराईने भएको छ ।

- एचआइभी संक्रमित व्यक्तिको लागि निजहरुलाई आयआर्जन र स्वास्थ्य उपचार सम्बन्धी क्रियाकलापलाई निरन्तरता दिइएको छ ।
- आदर्श गाउँपालिका भित्र रहेका संघ संस्थाहरुलाई दर्ताको प्रक्रियामा ल्याइने छ ।
-
- आदर्श गाउँपालिकाको आ.व.२०७६/०७७ को अनुमानित आय तथा व्ययको विवरणं देहाय बमोजिम रहेको व्यहोरा जानकारी गराउन चाहान्छु ।
- संघीय सरकारबाट वित्तिय समानिकरण अनुदान रु.९,१६,०००००/(नौ करोड सोह्र लाख)
- संघीय सरकारबाट राजस्व बाडफाड अनुदान रु.८,१०,०००००/(आठ करोड दश लाख)
- प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान रु.६८,८७,०००/( अठसट्ठी लाख सतासी हजार)
- प्रदेश सरकारबाट सवारी साधन बाडफाड रु. १७,४६,०००/(सत्र लाख छयालिस हजार)
- गाउँपालिकाको आ.व.२०७५/०७६ को मौज्दात रकम रु.१५००००००/(एक करोड पचास लाख)
- गाउँपालिकाको आन्तरिक श्रोत रु.३००००००/(तीस लाख)
- कुल आय रु.१९,९२,३३०००/(बिस करोड बयालिस लाख तैत्तिस हजार)

**गत वर्ष भएका उपलब्धिहरु:**

१) क वर्गको इलाका प्रहरी कार्यालयको स्थापना ।
२) सिभिल बैंकको स्थापना तथा कार्य सञ्चालन ।

अन्तमा आफनो अमुल्य समय दिई पाल्नुहुने श्रद्धेय प्रमुख अतिथिज्यू प्रती हार्दिक आभार व्यक्त गर्नचाहन्छु । साथै विशिष्टअतिथिज्यूहरु,वडा अध्यक्षज्युहरु,गाउँकार्यपालिकाका सदस्यज्यूहरु,गाउँसभाका सदस्यज्यूहरु लाई धन्यवाद दिन चाहान्छु ।यस गाउँ सभा सम्पन्न गर्नको लागि सहयोग गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने गाउँपालीकाका कर्मचारीलाई धन्यबाद दिन चाहन्छु । यो गाउँ सभामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिज्युहरु एवं हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनहुने सम्पुर्ण आदणीय व्यक्तित्वहरु प्रती हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु राजनैतीक दलका प्रमुखज्युहरु, सम्पुर्ण सुरक्षा निकायका प्रमुखज्युहरु, पत्रकारज्युहरु सरकारी, निजी र गैरसरकारी क्षेत्रका सहभागीहरु गाउँका लब्धप्रतिष्ठित, बिकासप्रेमी महानुभावहरु, लगायत गाउँका बासिन्दाहरु प्रति आभार तथा धन्यवाद प्रकट गर्दछु । प्रस्तुत कार्यक्रमको कार्यान्वयनको निम्ति यहांहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शकको रुपमा लिएर गाउँपालिका अगाडि बढ्ने विश्वास दिलाउदै यस पाँचौ गरीमामय गाउँसभाको सफलताको शुभकामना सहित यहांहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दै बिदा चाहान्छु ।

धन्यवाद